अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्या :३१ मिति : २०८०।११।२३

**भाग-२**

**अन्नपूर्ण गाउँपालिका**

"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८०

## "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।११।२२

अन्नपूर्ण गाउँपालिकाको कार्यपालिकाको मिति २०७५।०८।०५ गतेको कार्यपालिकाको बैठकबाट स्वीकृत भई कार्यन्वयनमा रहेको **"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५** मा केही बुदाहरु थप गरी संशोधन गर्नुपर्ने भएकाले अन्नपूर्ण गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी अन्नपूर्ण गाउँपालिकाको मिति २०८०।११।२२ गते बसको बैठकले कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

**१) सङ्क्षिप्त नाम र प्रारम्भः-**

(१) यो कार्यविधिको नाम "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

**२) मुल कार्यविधिको दफा ६ पछि दफा ६(क) थप गर्ने :**

**६(क) संसोधनको व्यवस्था :**

१) आवश्यक कागजात पेश भई संशोधनको लागि निवेदन पेश हुन आएमा तपसिलको अवस्था विद्यमान भएमा इजाजत पत्र संशोधन गर्न सकिनेछ ।

क) कम्पनी/फर्मको ठेगाना परिवर्तन भएमा,

ख) नामसारी भई स्वामित्व परिवर्तन भएमा,

ग) साविक फर्म कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भई प्रा. लि कायम भएमा,

घ) अन्य सामान्य थपघट गर्नुपरेमा ।

२) उपदफा १ बमोजिम संशोधन भएमा संशोधनको प्रतिलिपि प्रमाणपत्र जारी गरिनेछ ।

राजपत्रमा प्रकाशित मिति : २०८०।११।२३

आज्ञाले,

अमृत सुवेदी

प्रमुख प्रशासकीय अधिकृत